मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ३५० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ पुस २८ गते सोमबार ❑ 12 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## जनआक्रोशलाई सम्बोधन गर्न विशेष अधिवेशन बोलाइएको हो : महामन्त्री थापा

**रासस**
काठमाडौं, २७ पुस



नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले जनताका असन्तुष्टि सुन्न र सम्बोधन गर्न पार्टीको विशेष महाधिवेशन बोलाइएको बताउनुभएको छ।

का ं ग ्े स विशेष महाधिवेशन पक्षधरको आह्वानमा आइतबारदेखि सुरु भएको विशेष महाधिवेशनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै उहाँले गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनमा देखिएको जनआक्रोसलाई राजनीतिक दलहरूले सम्बोधन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "आन्दोलनका क्रममा कांग्रेसको सहभागिता रहेको सरकारसँग जनता रिसाएका हुन्, आक्रोश पोखेका हुन् । नवयुवा भ्रष्टाचार, कुशासन र बेतिथिसँग रिसाएका हुन् । राजा फालेर ल्याएको गणतन्त्रमा नेपाबेवीको राज देखेर रिसाएका हुन्, चित्त दुखाएका हुन्, असन्तोष व्यक्त गरेका हुन् । ती आवाज सुन्न विशेष अधिवेशन बोलाइएको हो ।" पार्टीभित्रको सत्ता सङ्घर्षको कारणले हालको अवस्था सृजना भएको जस्तो देखिए पनि यो विचार र मान्यताको सङ्घर्ष भएको जनाउँदै महामन्त्री थापाले गत भदौ २३ र २४ गते जेनजी पुस्ताको नाममा हजारौँ नरनारी सडकमा आएर आक्रोश र असन्तुष्टि व्यक्त गरेको पक्षलाई मनन गर्न आवश्यक रहेको बताउनुभयो । उहाँले मुलुकमा त्यत्रो घटना भइसकेपछि कांग्रेस जस्तो लोकतान्त्रिक पार्टीले अनदेखा र सामान्य घटनाका रूपमा लिन नमिल्ने बताउनुभयो । महामन्त्री थापाले यो विशेष महानिधवेशनलाई नाम जस्तै विशेष बनाएर टुङ्ग्याउनुपर्ने बताउँदै आफूहरूले अधिवेशनको उद्घाटन पार्टी सभापतिले गरेको र कार्यवाहक उपसभापति उपस्थित भएको हेर्न चाहे पनि त्यो हुन नसकेको बताउनुभयो । कांग्रेस राष्ट्रिय शक्ति भएकाले राष्ट्रिय समस्याको हल खोज्ने र समाधान गर्ने जिम्मेवारी पार्टीको भएको बताउँदै उहाँले कांग्रेसले विगतदेखि नै त्यही कार्य गर्दै आएको स्मरण गर्नुभयो । महामन्त्री थापाले पार्टीका लागि निर्वाचन मात्र ठूलो कुरा नभएकाले त्यसभन्दा फराकिलो सोचका साथ अघि बढ्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "नागरिकमा भरोसा जोगाउनु छ, कांग्रेसले नै २००७ सालदेखि नडगमगाइ जनतामा विश्वास जगाइरहन सफल भएको इतिहास छ। अहिलेको नवयुवामा आशा जगाइराख्न युवालाई मुलुकमै बसिराख्ने तथा कामका लागि विदेशिनुपर्ने बाध्यता हटाउने जिम्मेवारी पनि हाम्रो काँधमा आएको छ । अब भरोसा दिलाउने काम हाम्रो हो । हामी दिलाउछौँ ।" महामन्त्री थापाले महाधिवेशन प्रतिनिधिले गरेको निर्णय आफूले मन्ने बताउँदै विधानअनुसार महाधिवेशनभन्दा ठूलो कोही नभएको स्पष्ट पार्नुभयो ।

## पदमार्ग संरक्षण नगरे पर्यटन र स्थानीय अर्थतन्त्र संकटमा पर्छ: टान अध्यक्ष पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, २७ पुस

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) का केन्द्रिय अध्यक्ष सागर पाण्डेले नेपालका प्रमुख पर्यटकीय पदमार्गहरू गम्भीर जोखिममा रहेको बताउनु भएको छ।

टान गण्डकीको ३२ औं बार्षिक साधारण सभाको आइतबार पोखरामा उद्घाटन गर्दै अध्यक्ष पाण्डेले समयमै पदमार्गहरूको अडिट, संरक्षण र अद्यावधिक गर्न नसकिए पदमार्गबाट हुने लाभ स्थानीय समुदाय, पर्यटन व्यवसायी र स्थानीय सरकार समेत प्रभावित हुने बताउनु भएको हो । अध्यक्ष पाण्डेले नेपालका धेरै महत्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा रहेका पदमार्गहरू विभिन्न कारणले मासिँदै जाँदा यसले समग्र स्थानीय पर्यटन व्यवसाय र स्थानीय सरकारलाई प्रत्यक्ष असर पारेको बताउनुभयो । उहाँले पाँच वर्षअघि करिब पाँच लाख विदेशी पर्यटक भित्र्याइएको र ३० वर्षपछि पनि पर्यटक संख्या १०/११ लाखमै सीमित हुनु चिन्ताको विषय भएको उल्लेख गर्दै वर्तमान अवस्थाबाट पर्यटनमार्फत पर्याप्त आर्थिक लाभ लिन सकिने कि नसकिने गम्भीर समीक्षा आवश्यक भएको बताउनुभयो ।

अध्यक्ष पाण्डेले पर्यटनको दीगो विकासका लागि राष्ट्रिय एकता अपरिहार्य रहेको उल्लेख गर्नुभयो । उहाँले पर्यटन व्यवसायहरू अहिले एक्ला-एक्लै अघि बढ्दा अपेक्षित प्रगति र आर्थिक लाभ लिन नसकिएको गुनासो गर्दै अब साझा उद्देश्यका साथ एकताबद्ध भएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल पर्यटन बोर्डलाई पुनःसंरचनामा लैजानुपर्ने आवश्यकता औंल्याउँदै अध्यक्ष पाण्डेले पर्यटन बोर्डमा तीनवटा मुख्य सुधार आवश्यक रहेको धारणा राख्नुभयो । प्रत्येक प्रदेशमा पर्यटन बोर्डको कार्यालय स्थापना गरी स्थानीय स्रोत-साधनका आधारमा प्रवर्धनका काम केन्द्रित गर्नुपर्ने, केन्द्रीय तहमा नीति निर्माण तथा बहसलाई सुदृढ गर्नुपर्ने र विदेशी पर्यटक भित्र्याउन विभिन्न देशसँग समन्वयात्मक भूमिका बलियो बनाउनुपर्ने उहाँको भनाइ छ । पर्यटकीय पदमार्गहरूको नियमित अडिट र पुनर्ताजकी गर्न नसकिए ती पदमार्ग इतिहासमा मात्र सीमित हुने चेतावनी दिँदै अध्यक्ष पाण्डेले अहिलेको अवस्थामा धेरै पर्यटन व्यवसाय १० वर्षभन्दा बढी टिक्न नसक्ने जोखिम रहेको उल्लेख गर्नुभयो ।

त्यसैले सन्तुलित विकास, वातावरणीय मूल्याङ्कन र पर्यावरण संरक्षणलाई ध्यानमा राखेर अघि बढ्नुपर्ने उहाँको जोड थियो । तथ्याङ्क सङ्कलनको अभावका कारण कुन क्षेत्रमा, कुन सिजनमा र कुन देशका कति पर्यटक आउँछन् भन्ने स्पष्ट जानकारी नहुँदा नीति र योजना बनाउन समस्या भइरहेको उहाँको गुनासो छ । यसका लागि अब नेपाली पर्यटकहरूका लागि पनि न्यूनतम शुल्कसहित टिम्स कार्ड अनिवार्य गर्नुपर्ने धारणा उहाँले राख्नुभयो । अध्यक्ष पाण्डेले पर्यटन क्षेत्रको विकासका लागि सरकारी निकाय, निजी क्षेत्र, स्थानीय सरकार र पर्यटन बोर्डबीच सहकार्य अनिवार्य रहेको बताउनुभयो। नेपाल पर्यटन बोर्डले अघिल्लो वर्षको तथ्याङ्कका आधारमा कुन महिनामा कुन देश वा क्षेत्रबाट पर्यटक आगमन घटेको छ भन्ने विश्लेषण गरी रणनीतिक योजना बनाउनुपर्ने र सोहीअनुसार आकर्षक प्याकेज सार्वजनिक गरी प्रवर्धन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले पदमार्ग मासिकदै जादा पोखराको पर्यटनको बसाई अवधि छोटिएको दाबी गर्नु भयो।

सो अवसरमा टान गण्डकीले पोखराका तीन जना पत्रकार सुमन ढुङ्गाना, बिमल तिवारी र सागर ढकाललाई जनही १०-१० हजार रुपैयाँसहित सम्मान गरेको छ। टान गण्डकीका अध्यक्ष कृष्ण आचार्यको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा पोखरा २२ का वडाध्यक्ष हिमलाल बराल, पोखरा पर्यटन परिषदका अध्यक्ष तारानाथ पहारी, टानका पूर्व अध्यक्ष डम्मर बहादुर केसी, महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ) का अध्यक्ष ममता न्यौपाने, टान गण्डकीका प्रथम उपाध्यक्ष तिर्थराज सुवेदी, सचिव गोपाल कृष्ण संग्रौला लगायतले पर्यटनका बारेमा चर्चा गर्नु भएको थियो ।

## कास्कीमा अघि बढ्यो निर्वाचन प्रहरी छनोटको प्रक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, २७ पुस

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा कास्कीमा दुई हजार ३०३ जना निर्वाचन प्रहरी खटाइने भएको छ। निर्वाचन प्रहरी भर्नाका लागि आगामी माघ १ गतेभित्र दरखास्त माग गरिएको निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्ति समितिले जनाएको छ।

समितिका सदस्यसचिव एवं जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले निर्वाचन प्रहरीमा भर्नाका लागि जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल, नेपाल नं २४ कालिका गणमा दरखास्त बुझाउन सकिने बताउनुभयो । निर्वाचन प्रहरी भर्नामा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलबाट सेवानिवृत्त पूर्वसुरक्षाकर्मी, पूर्ववनरक्षक, यसअघि सम्पन्न भएका विभिन्न निर्वाचनमा म्यादी प्रहरीका रूपमा सन्तोषजनक काम गरेका व्यक्ति र विदेशी मित्रराष्ट्रका सुरक्षा निकायमा काम गरी सेवानिवृत्त भएका नेपाली नागरिकलाई प्राथमिकता दिइने भएको छ।

अठार वर्ष पूरा भई ५४ वर्ष ननाघेको साधारण लेखपढ गर्न जान्ने व्यक्तिले निर्वाचन प्रहरीका लागि दरखास्त दिन पाउने सहायक प्रमुख अधिकारी बराललले जानकारी दिनुभयो। आगामी माघ ५ देखि १० गतेभित्र छनोट प्रक्रिया सकिने र १२ गते नतिजा प्रकाशन गरिने उहाँको भनाइ छ। आगामी माघ १५ देखि २४ गतेसम्म निर्वाचन प्रहरीलाई प्रशिक्षण दिइने भएको छ। निर्वाचन प्रहरीको कार्य अवधि ४० दिन तोकिएको छ।

निर्वाचन प्रहरीले ४० दिनको रु ३४ हजार ७७६, खाद्यान्न र पोसाक बापतको रकम, तयारी खर्च रु ८४६ र चार दिनको खाजा खर्च रु एक हजार २०० उपलब्ध गराइने छ। प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्त गर्नेछ । जिल्ला प्रशासन कार्यालयले निर्वाचनलाई लक्ष्य गरी जिल्लाको सुरक्षा व्यवस्थालाई चुस्त र प्रभावकारी बनाउन तयारी अगाडि बढाएको छ। कार्यालयले कुनै व्यक्ति वा समूहसँग अवैध हातहतियार भएमा आगामी माघ १५ गतेभित्र नजिकको प्रहरी कार्यालयमा बुझाउन सार्वजनिक रूपमा सूचित गरेको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताउनुभयो। आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित वातावरण सम्पन्न गर्न कार्यालयले उक्त आग्रह गरेको हो। तोकिएको समयमा हातहतियार तथा खरखजना नबुझाएमा प्रचलित कानुनबमोजिम कारबाही हुने जनाइएको छ।

## राष्ट्रिय एकता दिवसले देशबासीमा एकताको भावना मजबुत बनाउन्: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, २७ पुस

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले पृथ्वीनारायण शाहको अगुवाईमा टुक्रे राज्यहरूलाई एकीकरण गरेर आधुनिक नेपाल राष्ट्रको निर्माण भएको तथ्य बिर्सन नहुने बताउनुभएको छ।

पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस २०८२ को अवसरमा शुभकामना सन्देशमार्फत् राष्ट्र एकीकरणका नेतृत्वकर्ता पृथ्वीनारायण शाहप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्नुहुँदै स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ। 'आज मनाइँदै गरेको ३०४ औं पृथ्वी जयन्तीले नेपाल एकीकरण अभियानको गौरवमय इतिहाससँगै मुलुक एकीकरणको योगदानकर्ताहरूलाई स्मरण गराएको छ ।' सन्देशमा भनिएको छ-'पृथ्वीनारायण शाहकै अभियानले राष्ट्रिय स्वाधीनता र सार्वभौमिकतालाई अक्षुण्ण राख्ने आधार तयार गरेका कारण विश्वका पुराना स्वतन्त्र राष्ट्रमध्ये नेपाल एक रहन पुगेको हो ।

त्यसपछिका विभिन्न कालखण्डमा वीर पुर्खाले पृथ्वीनारायणको अभियानलाई निरन्तरता दिएकै कारण नेपालको अस्तित्व कायम रहन पुग्यो । पृथ्वीनारायणको दिव्योपदेश आज पनि उत्तिकै सान्दर्भिक रहेको छ।'

सिङ्गो नेपालीलाई एकताको सूत्रमा बाँध्न र राष्ट्रिय एकताको भावनालाई थप मजबुत बनाउन राष्ट्रिय एकता दिवसले महत्वपूर्ण भूमिका खेल्ने विश्वास पनि व्यक्त गर्नुभएको छ

यो दिवसले 'समृद्ध नेपाल सुखी नेपाली' को साझा राष्ट्रिय सङ्कल्पलाई साकार पार्न एकजुट भई अगाडि बढ्न हामी सबैलाई प्रेरणा प्रदान गरोस् भन्दै उनले शुभकामना व्यक्त गर्नुभएको छ।


उपभोक्ता अधिकारको संरक्षण गरौं।
◆ गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको अधिकारको रक्षा गरौं।
◆ कारोवारमा विल/बीजक लिने र दिने गरौं, कारोबारलाई पारदर्शी बनाऔं।
◆ नाफाको उद्देश्यले झुट्टा, भ्रमपूर्ण विज्ञापन तथा सूचना नदिऔं।
◆ वस्तु/सेवाको मूल्य, मात्रा, म्याद सकिने मिति, गुणस्तर एकिन गरेरमात्र खरिद बिक्री गरौं।
◆ वस्तु वा सेवाको प्रयोगबाट कुनै हानि, नोक्सानी भएं स्थानीय प्रशासनमा उजुरी गरौं।
◆ वस्तु तथा सेवाको प्रयोगबाट क्षति पुगे क्षतिपूर्ति मागौं।
◆ निष्पक्ष तथा तथ्यपरक सूचना पाउने उपभोक्ता अधिकारको रक्षा गरौं।
◆ भ्रमपूर्ण विज्ञापन तथा सूचनाको कारण उपभोक्ता ठगिएमा विज्ञापन बोर्डमा उजुरी गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

का.जि.द.नं. ५६/०५६ ह.नि.पो.द.नं. ०१/०७९/०८०


# शिक्षक महासंघ कास्कीको परिषद् सम्पन्न, अग्रज शिक्षकलाई सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २७ पुस

नेपाल शिक्षक महासङ्घ, कास्कीको दोस्रो जिल्ला परिषद् आइतवार पोखरामा सम्पन्न भएको छ।



नेपाल शिक्षक महासङ्घ, कास्कीका अध्यक्ष भोलानाथ पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले प्रशस्त लगानी भएर पनि सामुदायिक विद्यालयले सन्तोषजनक नतिजा दिन नसकेको अवस्थाप्रति शिक्षक महासङ्घले विशेष ध्यान दिनुपर्ने धारणा राखे। विद्यालयको प्रधानाध्यापकले असल नेतृत्व दिन सक्दा विद्यालयको गुणस्तर राम्रो हुने सोचले महानगरले प्रधानाध्यापकका लागि केही मात्रामा भए पनि प्रोत्साहन रकम प्रदान गरेको आचार्यले बताए।

शिक्षा विकास तथा समन्वय एकाइ, कास्कीका प्रमुख लोकनाथ आचार्यले स्थानीय तहले शिक्षकलाई पेल्यो भन्ने गुनासो गर्न छोडेर आफ्नो कर्तव्य पूरा गर्नेतर्फ केन्द्रित हुन शिक्षकहरूलाई आग्रह गरे। उनले शिक्षक महासङ्घले कास्कीको शिक्षक दरबन्दी मिलानलगायतका शैक्षिक समस्या समाधानका लागि खेलेको भूमिकाको प्रशंसा गर्दै सबैले गर्ने गतिविधि विद्यार्थीकेन्द्रित हुनुपर्नेमा भनाइ राखे। नेपाल शिक्षक युनियन, कास्कीका संस्थापक अध्यक्ष दीपक पौडेलले कास्कीको शैक्षिक आन्दोलनको स्मरण गर्दै पेसागत हितका लागि सबै जना मिलेर लाग्नुपर्नेमा जोड दिए। नेपाल शिक्षक महासङ्घका केन्द्रीय उपाध्यक्ष राम पोखरेलले महासङ्घको आह्वानमा २९ दिनसम्म भएको शिक्षक आन्दोलनको उपलब्धि क्रमशः देखिने बताए। उनले आन्दोलनका क्रममा देशभरका शिक्षकले गरेको मिहिनेत खेर जान नदिन महासङ्घ प्रतिबद्ध रहेको बताउँदै पेसागत संस्थाको महत्त्व कहिल्यै पनि नघट्ने जिकिर गरे। कार्यक्रममा महासङ्घ, कास्कीका सहअध्यक्ष डिल्लीराम बराल, नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, कास्कीका अध्यक्ष तीर्थराज ढकाल, नेपाल शिक्षक सङ्घ, कास्कीका सचिव तारानाथ भण्डारी, एकीकृत अखिल नेपाल शिक्षक सङ्गठनका जिल्ला उपाध्यक्ष प्रकाश रिजाल, नेपाल शिक्षक युनियन, कास्कीका पूर्वअध्यक्ष जगन्नाथ अधिकारी, पोखरा महानगरपालिका, शिक्षा महाशाखाका अधिकृत रामप्रसाद तिवारी, एकीकृत अखिल नेपाल शिक्षक सङ्गठनका पूर्वअध्यक्ष तारनाथ पौडेल, महासङ्घ, कास्कीका निवर्तमान अध्यक्ष बोधराज पौडेल, निवर्तनमान सचिव मनिराम कडेल, नेपाल प्रगतिशील शिक्षक सङ्गठनका अध्यक्ष कलाधर सुवेदी, अखिल नेपाल शिक्षक सङ्घका अध्यक्ष प्रेमबहादुर थापा, नेपाल शिक्षक महासङ्घ, पोखराका अध्यक्ष नन्दलाल काफ्लेलगायतले शिक्षक तथा कर्मचारीका हकहितका लागि महासङ्घले नेतृत्वदायी भूमिका खेल्नुपर्नेमा जोड दिए। सो अवसरमा कास्कीको शैक्षिक आन्दोलनमा विशेष योगदान गरेको भन्दै नेपाल शिक्षक युनियन, कास्कीका संस्थापक अध्यक्ष दीपक पौडेल, युनियनकै पूर्वअध्यक्ष जगन्नाथ अधिकारी, महासङ्घका केन्द्रीय उपाध्यक्ष राम पोखरेल, कास्कीका निवर्तनमान अध्यक्ष बोधराज पौडेल, निवर्तमान सचिव मनिराम कडेल र रुद्रनाथ सापकोटालाई सम्मान गरिएको थियो।

सो अवसरमा महासङ्घ, कास्कीका सचिव हर्क लामिछानेद्वाराप्रस्तुतप्रगतिप्रतिवेदन र कोषाध्यक्षद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन पारित गरिएको थियो। सोही अवसरमा भएको शैक्षिक अन्तरक्रियामा स्थानीय भत्ता, प्रअ नियुक्तिलगायत विषयमा छलफल भएको थियो। आगामी दिनमा ती विषयमा स्थानीय तहका प्रतिनिधिहरूसँग छलफल गरिने सहअध्यक्ष तथा कार्यक्रम संयोजक डिल्लराम बरालले जानकारी दिए।

# प्याब्सनको ३६औँ स्थापना दिवसमा सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २७ पुस

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) को ३६औँ स्थापना दिवसको अवसरमा प्याब्सन कास्कीले सदस्य विद्यालय, शिक्षक-कर्मचारी तथा शैक्षिक उत्कृष्टता हाँसिल गर्ने विद्यार्थीलाई हालै सम्मान गरेको छ।



कार्यक्रममा प्याब्सनमा आबद्ध भई २५ वर्ष पूरा गरेका विद्यालय, २० वर्ष सेवा अवधि पुरा गरेका शिक्षक तथा कर्मचारी, साथै कक्षा १० मा चार जिपिए र १२ को बोर्ड परीक्षामा उत्कृष्ट जिपिए ल्याउने विद्यार्थीलाई सम्मान गरिएको प्याब्सन कास्कीका अध्यक्ष षडानन्द गौतमले जानकारी दिए। सो अवसरमा हालै प्याब्सनको सदस्यता लिएका विद्यालयलाई सदस्यता प्रमाणपत्र पनि प्रदान गरियो। संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत प्याब्सन कास्कीले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखराको बाल वार्डको सौन्दर्यीकरणका लागि सहयोग गरेको छ। त्यसैगरी जिल्ला प्रहरी कार्यालय कास्कीलाई रात्रिकालीन समयमा प्रयोग हुने पाँच सय थान सुरक्षा बेल्ट प्रदान गरेको अध्यक्ष गौतमले वताए। पोखरा विश्वविद्यालयका उपकुलपति प्राडा वेदराज केसीले शिक्षा केवल पढ्ने-पढाउने विषय मात्र नभई मानव जीवन र समाजसँग गहिरो रूपमा जोडिएको विषय भएको वताए। घोकन्ते शिक्षाभन्दा प्रयोगात्मक र व्यावहारिक शिक्षा वर्तमान अवस्थामा दिनुपर्ने प्राडा केसीले भने।

संस्थागत रूपमा सामाजिक उत्तरदायित्व बहन गर्दै आर्थिक कमजोर तथा असहाय विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था गर्नुपर्नेमा प्राडा केसीले जोड दिए। केसीले निजी विद्यालयमा अध्ययन गरेका विद्यार्थीले समेत पोखरा विश्वविद्यालयबाट छात्रवृत्ति पाएको जानकारी दिए। कार्यक्रममा प्याब्सनका केन्द्रीय उपाध्यक्ष प्रेमप्रसाद शर्मा सुवेदीले नेपालमा करिब ६ हजार निजी विद्यालय रहेको जानकारी गराए। त्यसैगरी एमाले कास्की अध्यक्ष बैनबहादुर अधिकारी क्षत्री, प्याब्सनका केन्द्रीय सल्लाहकार बीरबहादुर बुढाथोकी, राष्ट्रिय निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (एनप्याब्सन) कास्की अध्यक्ष हेमन्त अधिकारी, उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) कास्की अध्यक्ष दिवाकर जैसी, निजी तथा संस्थागत विद्यालय शिक्षक कर्मचारी युनियन (प्याब्सु) केन्द्रीय अध्यक्ष शिवलाल उपाध्याय, शिक्षक मुकेशकुमार अधिकारी, प्याव्सन कास्कीका उपाध्यक्ष कार्यक्रम संयोजक श्रीकृष्ण अधिकारी लगायत वोलेको कार्यक्रममा प्याब्सन कास्की वरिष्ठ उपाध्यक्ष विष्णु तिमिल्सिनाले स्वागत र सचिव सुरेन्द्रमानसिंह भण्डारी संचालन गरेका थिए।

# पोखरामा ३०४ औँ पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस मनाइयो

**पोखरापत्र संवाददाता**
पोखरा, २७ पुस

पोखरामा आइतबार ३०४औँ पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस विविध कार्यक्रम गरी मनाइएको छ।



नागरिक मूल समारोह समिति २०८२, कास्कीले कास्की जिल्लाका ५० भन्दा बढी सामाजिक, धार्मिक, शैक्षिक तथा पेशा-व्यवसायगत संघ-संस्थाहरूको सहभागितामा विविध कार्यक्रम सहित पृथ्वी जयन्ती मनाएको हो। आइतबार बिहान मानवअधिकार चोक (चिप्लेढुंगा) बाट शोभायात्रा सुरु भएको थियो भने शोभायात्रामा पञ्चेबाजा, भजन-चुड्का, झाँकी तथा नाचगानसहितको शोभायात्रा नगरका विभिन्न भागको परिक्रमा गर्दै पृथ्वीचोक पुगेर मूल समारोहमा परिणत भएको कार्यक्रम संयोजक भोलाजंग सुवेदीले बताउनु भयो। राष्ट्र निर्माता पृथ्वीनारायण शाहको तस्बिरमा माल्यार्पण गरिनुका साथै प्राज्ञिक व्यक्तित्वहरूबाट उहाँको योगदान, राष्ट्रिय एकता र राष्ट्र निर्माणमा निर्वाह गर्नुभएको भूमिकामाथि विचार-विमर्श गरिएको उहाँले जनाउनु भयो। मौलिक रैथाने इतिहासका ज्ञाता तथा अन्तर्राष्ट्रिय विश्व हिन्दु महासंघ धर्मसभाका अध्यक्ष गुरु वलभद्रनाथ योगीको प्रमुख आतिथ्यतामा कार्यक्रम आयोजना गरिएको थियो। मार्गनिर्देशक ठाकुरप्रसाद बरालले नेपालको एकीकरणमा पृथ्वीनारायण शाहले पुऱ्याएको योगदान कहिल्यै भुल्न नहुने स्मरण गराउँदै इतिहासप्रति सम्मान र राष्ट्रिय एकताको भावना सुदृढ गर्न यस्ता कार्यक्रम आवश्यक रहेको बताउनु भयो। नागरिक मूल समारोह समिति कास्कीले राष्ट्रिय एकता दिवसका अवसरमा पोखरामा आयोजना भएको कार्यक्रममा सहभागिहरुको उपस्थिती उल्लेखनिय रहेको सचिव भूपेन्दू गिरीले बताउनु भयो। उहाँले पृथ्वीनारायण शाहले विश्वको राजनीतिक मानचित्रमा नेपाललाई स्वतन्त्र, सार्वभौम र एकीकृत राष्ट्रका रूपमा स्थापित गर्न पुऱ्याउनुभएको योगदान अतुलनीय रहेको स्मरण गर्नुभयो।

# शुक्लागण्डकी प्रकरण: अझै खुलेन दुई जनाको पहिचान

**पोखरापत्र संवाददाता**
दमौली, २७ पुस

शनिबारको बिहान करिब ९:३० बज्दै थियो। शान्त देखिने शुक्लागण्डकी नगरपालिका-५ कसेरीघाटमा अचानक एउटा खबरले सन्नाटा चिर्दै इलाका प्रहरी कार्यालय बेलचौतारालाई हल्लाइदियो दुई जना पुरुष मृत अवस्थामा भेटिए।

खबर दिने व्यक्ति थिए, निर्माणाधीन फोहरमैला प्रशोधन केन्द्रका एक कर्मचारी। दैनिक काममा लागेका ती कर्मचारीले कम्पाउण्ड बाहिर दुई पुरुषको शव देखेपछि प्रहरीलाई खबर गरेका थिए। जब प्रहरी घटनास्थल पुग्यो, दृश्य सामान्य थिएन। दुवै पुरुष धारिलो हतियारबाट निर्ममतापूर्वक प्रहार गरिएको अवस्थामा मृत भेटिएका थिए।

प्रहरीले प्रारम्भिक सोधखोज गर्दा एउटा पीडादायी सत्य बाहिर आयो। मृतकमध्ये एक जना शुक्लागण्डकी नगरपालिकासँग सम्झौता गरेर फोहरमैला प्रशोधन केन्द्र सञ्चालन गरिरहेको ग्रिन रोड प्रालिका कर्मचारी शुक्लागण्डकी नगरपालिका-११ पाल्पालीछापका अन्दाजी ४० वर्षीय नारायण विक थिए।

तीन महिनाअघि काम सुरु गरेका नारायण यो महिनादेखि प्रशोधन केन्द्रमै बसेर काम गर्दै आएका थिए। अर्को मृतक पुरुष भने पहिचानविहीन थिए। उनी प्रशोधन केन्द्र बाहिर टहरा बनाएर बस्दै आएका थिए। उनको नाम, ठेगाना कसैले भन्न सकेन। तर एउटा कुरा सबैलाई थाहा थियो। उनी एक जना महिला सँगसँगै बस्दै आएका थिए। जब दुई जनाको शव फेला पर्‍यो र टहरामा बस्ने महिला एकाएक गायव भइन्, शङ्का गहिरिँदै गयो। प्रहरी र स्थानीयले आसपास खोजी थाले। खोजी जारी नै थियो, करिब दिउँसो १२ बजेको आसपास अर्को हृदयविदारक खबर आयो। ती महिला पनि मृत अवस्थामा भेटिइन्। दुई पुरुषको शव भेटिएको स्थानबाट झण्डै ७०० मिटर पर, जनकल्याण माध्यमिक विद्यालय पछाडि कसेरीघाटको जङ्गलभित्र महिलाको शव भेटियो। उनको पनि पहिचान खुल्न सकेको छैन। पहिचान नखुलेका ती महिला र पुरुष दुवै टहरामै बस्दै आएका थिए। बजार क्षेत्रबाट सङ्कलन गरिएको फोहरमैलाबाट कबाडी छान्ने काम गरेर जीवन गुजारा गर्दै आएका उनीहरू झण्डै एक वर्षदेखि त्यहीँ बस्दै आएको स्थानीयहरू बताउँछन्।

शुक्लागण्डकी नगरपालिका-५ का वडाध्यक्ष दीर्घबहादुर थापाले तीन जनाको शव विभत्स अवस्थामा भेटिएको जानकारी दिनुभयो। उहाँका अनुसार नारायण विकको पेट र टाउकामा गम्भीर चोट छ। पहिचान नखुलेका अर्का पुरुषको पेटमा यति गहिरो प्रहार गरिएको थियो कि आन्द्रा नै बाहिर निस्किएको अवस्था थियो। महिलाको शव भने घाँटी रेटिएको अवस्थामा फेला परेको थापाले बताउनुभयो।

इलाका प्रहरी कार्यालय बेलचौताराका प्रमुख प्रहरी निरीक्षक धननारायण श्रेष्ठका अनुसार हालसम्म दुई जनाको पहिचान खुल्न सकेको छैन। घटनाको प्रकृति अत्यन्तै शङ्कास्पद भएकाले जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी उपरीक्षक टेकबहादुर कार्की स्वयं घटनास्थलमा खटिएका छन्।

गण्डकी प्रदेशको प्राविधिक टोली, तालिम प्राप्त कुकुरसहित अनुसन्धान तीव्र पारिएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो।

# एन प्याब्सन कास्कीको २७ औं स्थापन दिवसमा सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २७ पुस

नेसनल प्याब्सन कास्कीले विविध कार्यक्रमको आयोजना गरि आइतबार २७ औं स्थापना दिवस मनाएको छ।



स्थापना दिवसको अवसर पारेर स्थापना वर्षको आधारमा विद्यालयहरू सम्मान, एस.ई.ई. २०८१ मा सतप्रतिशत विद्यार्थी उर्तीण गराउन सफल विद्यालयहरू सम्मान, एस.एल.सी. परीक्षा-२०८१मा सर्वोत्कृष्ट नतिजा प्राप्त गर्न सफल विद्यार्थी/विद्यालय सम्मान, एस.ई.ई.परीक्षा-२०८१ मा सर्वोत्कृष्ट नतिजा प्राप्त गर्न सफल विद्यार्थी/विद्यालय सम्मान दीर्घ सेवापदक सम्मान-२०८२ बाट सम्मान गरिएको थियो। कार्यक्रममा संस्थाले यस वर्ष शिक्षा/साहित्यसेवा सम्मान-२०८२ बाट बरिष्ठ गायिका तथा साहित्यकार प्राज्ञ हरिदेवी कोइरालालाई सम्मान गरेको छ। कोइरालालाई कार्यक्रमका प्रमुख अतिथि नेसनल प्याब्सनका संस्थापक अध्यक्ष बसन्तबहादुर श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष याम खड्का, उपाध्यक्ष राम बहादुर मोची, उपाध्यक्ष विष्णु पराजुली र कास्कीका अध्यक्ष हेमन्त अधिकारीले नगद २५ हजार सहित सम्मान पत्र, दोसल्ला ओढाई सम्मान गरेका थिए।

यसैगरी स्थापना वर्षको आधारमा विद्यालयहरू सम्मान गरिएको छ। कार्यक्रममा बौल्दै प्रमुख अतिथि नेसनल प्याब्सनका संस्थापक अध्यक्ष बसन्तबहादुर श्रेष्ठले एन प्याब्सनले गर्ने हरेक कार्यक्रम उत्कृष्ट रहेको बताए। सम्मानित व्यक्तित्व बरिष्ठ गायिका तथा साहित्यकार प्राज्ञ हरिदेवी कोइरालाले पवित्र संस्थाबाट सम्मानित हुन पाएको भन्दै खुशी व्यक्त गरिन्। शिक्षा विकास तथा समन्वय इकाई कास्कीका प्रमुख लोकनाथ आचार्यले संस्कारयुक्त, प्रतिस्पर्धी, जीवन जिउन सक्ने खालको शिक्षा अहिलेको आवश्यकता भएको बताए। कार्यक्रममा नेसनल प्याब्सनका वरिष्ठ उपाध्यक्ष याम खड्का, उपाध्यक्ष राम बहादुर मोची, उपाध्यक्ष विष्णु पराजुली, प्याब्सन कास्कीका अध्यक्ष षडानन्द गौतम, हिसान कास्कीका अध्यक्ष दिवाकरर जैसी, प्याब्सियु केन्द्रीय कार्यसमिति अध्यक्ष शिवलाल उपाध्याय, लेखनाथ मेमोरियल इङ्लिस बोर्डिङ स्कुलका शिक्षक पुनम थापाले बोलेका थिए। नेसनल प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष मनकाजी गुरुङले स्वागत र सचिव प्रेमराज अधिकारीले कार्यक्रम सञ्चालन गरेका थिए।

# कांग्रेस विशेष महाधिवेशनको पक्षमा दुई हजार ६६२ प्रतिनिधि

**रासस**
काठमाडौं, २७ पुस

काठमाडौँको भृकुटीमण्डपमा भइरहेको कांग्रेसको विशेष महाधिवेशनको पक्षमा दुई हजार ६६२ महाधिवेशन प्रतिनिधिले नाम दर्ता गराउनुभएको छ। कांग्रेसको विशेष महाधिवेशन पक्षधर समूहको आयोजनामा आजदेखि सुरु भएको महाधिवेशनको पहिलो दिन आइतबार आठ ‘स्टल’ बाट नाम दर्ता प्रक्रिया थालिएको थियो।

आइतबार बिहान ९ बजेदेखि महाधिवेशन प्रतिनिधिले नाम दर्ता सुरु गरेका विशेष महाधिवेशन जिल्ला क्षेत्र, ‘फोकल पर्सन’ समन्वय समितिका संयोजक युवराज पाण्डेयले जानकारी दिनुभयो। उहाँका अनुसार कोशी प्रदेशबाट ४२५, मधेस प्रदेशबाट ४४६, बागमती प्रदेशबाट ४३२, गण्डकी प्रदेशबाट २९६, लुम्बिनी प्रदेशबाट ३९८, कर्णाली प्रदेशबाट १३४, सुदूरपश्चिम प्रदेशबाट १४८, उपत्यका (काठमाडौँ, भक्तपुर र ललितपुर) बाट १७८ र भातृ, शुभेच्छुक एवं जनसम्पर्क समितिबाट १९५ महाधिवेशन प्रतिनिधिले नाम दर्ता गराएका छन्।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

जुन मानिस तिम्रो अगाडि झुक्दछ, उसको अगाडि तिमी पनि झुक।
- शेखसादी

## सम्पादकीय

### कांग्रेस विशेष महाधिवेशनलाई प्रतिनिधिले दिएको वैधता र उत्साह

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा तथा कार्यवाहक सभापति पूर्णबहादुर खड्कासहितको संस्थापन पक्ष र डा. शेखर कोइराला समूहको बहिस्कारकाबिच नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशन सुरु भएको छ। बदलिँदो परिस्थितिमा पार्टीको नीति, नेतृत्व र कार्यशैली बदल्नुपर्छ भन्ने मान्यताका साथ महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको अगुवाइमा काठमाडौंको भृकुटीमण्डपमा विशेष महाधिवेशन उद्घाटन समारोह उत्साहबर्द्धक भएको छ। कांग्रेसको हाल कायम रहेका १४ पदाधिकारीमा तीन पदाधिकारीबाहेक सबैले विशेष महाधिवेशन बहिस्कार गरे। मञ्चमा दुई महामन्त्रीबाहेक सहमहामन्त्री फरमुल्लाह मन्सुर मात्रै देखिए। देउवासहित कार्यवाहकको जिम्मेवारी पाएका उपसभापति पूर्णबहादुर खड्का, अर्का उपसभापति धनराज गुरुङ सहमहामन्त्रीहरू महालक्ष्मी उपाध्याय 'डिना', बद्री पाण्डे, जीवन परियार, भिष्मराज आङ्देम्बे, किशोरसिंह राठौर, उमाकान्त चौधरी र महेन्द्र यादव तथा कोषाध्यक्ष उमेश श्रेष्ठ सहभागी नभए पनि महाधिवेशन प्रतिनिधिहरूको उल्लेख्य सहभागिता देखियो।

२०७८ सालमा भएको कांग्रेसको १४ औँ महाधिवेशनमा ४ हजार ७ सय ४३ महाधिवेशन प्रतिनिधि थिए। महाधिवेशनमा ६२ प्रतिशत बढी महाधिवेशन प्रतिनिधिहरूले नाम दर्ता गराएका छन्। महाधिवेशन प्रतिनिधि मात्रै होइन, १४ औँ महाधिवेशनमा देउवा सभापतिमा उम्मेदवार हुँदा देउवाकै प्यानलबाट उम्मेदवार बन्दै जितेका ३० जना केन्द्रीय सदस्य पनि महाधिवेशनको मञ्चमा देखिए।५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशन माग गरेपछि ३० जना केन्द्रीय सदस्यहरू मध्यमार्गी बाटो समाएका थिए। 'कांग्रेसको विधानको धारा १७ (२) लाई प्रतिबद्धता जनाउँदै विधानभन्दा माथि कोही नेता कार्यकर्ता हुनै नसकने भन्दै महाधिवेशनमा सहभागी भएर देउवाको साथ छाडेका छन्।

हालका सभापति देउवाले विगतमा नेपाली कांग्रेस फुटाएर नेपाली कांग्रेस (प्रजातान्त्रिक) बनाउँदा साथ दिएका पूर्वउपसभापति गोपालमान श्रेष्ठ पनि महामन्त्री द्वयलाई साथ दिए। कांग्रेसमा संस्थापन केन्द्रीय समिति, प्रदेशका समितिका नेतृत्व र जिल्ला समितिका नेतृत्वमा भए पनि अधिकांश कांग्रेस कार्यकर्ता र महाधिवेशन प्रतिनिधिहरू विशेष महाधिवेशनको पक्षमा उभिएको छन। वर्तमान नेतृत्वले गरिरहेको कामको विरोध र कांग्रेस रूपान्तरण हुन हुनुपर्छ भन्ने बहुमत कार्यकर्ता महाधिवेशनको पक्षमा सहभागी बनेका छन्। कांग्रेसले अहिलेसम्म राणा शासनको अन्त्य, पञ्चायतको अन्त्य, राजतन्त्रको अन्त्य, प्रजातन्त्रको स्थापना, लोकतन्त्र र गणतन्त्रको स्थापनार्थ भएका आन्दोलनको नेतृत्वदायी भूमिका निभाउँदै आएको छ। त्यतिमात्र होइन तत्कालीन माओवादीको दश वर्षे सशस्त्र युद्धलाई शान्ति प्रक्रियामा ल्याउन महत्त्वपूर्ण भूमिका निभाएको कांग्रेसको त्यही भूमिकाका कारण तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालालाई, विश्वले नै चिनेको थियो।

संविधानसभाबाट संविधान जारी गर्ने कामको नेतृत्व गरेर चर्चा कमाएको कांग्रेस अहिले घर भत्काउने ग्रसित छ। प्रतिनिधिसभाको निर्वाचनका लागि प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता गर्ने दिन आउन १० दिन मात्रै बाँकी रहँदा कांग्रेस दुई चिरा भएको छ। पार्टी नेतृत्वले वैशाख २८ देखि ३१ गतेसम्म नियमित महाधिवेशन गर्ने निर्णय कार्यसम्पादन समितिको पुस १८ गतेको बैठकबाट गरेको छ। कांग्रेसको संस्थापन पुरानै शैलीबाट चल्न चाहिरहेको छ भने महामन्त्रीसहितका महाधिवेशन प्रतिनिधिहरू नेतृत्व परिवर्तन चाहिरहेका छन्। त्यो उद्घाटन सत्रमा बोल्ने नेताहरूले स्पष्ट रूपमा बताएका छन्।

उद्घाटन सत्रमा बोल्दै महामन्त्री थापाले लामो समयदेखि जाम भएर बसेको शैली परिवर्तन भएको बताए। 'महाधिवेशन प्रतिनिधिहरूले नीति र नेता परिवर्तन माग्नुभएको छ। म त अतिथि मात्रै हुँ,' तपाईंहरूले जे निर्णय गर्नुहुन्छ मैले त्यो निर्णय मान्नुपर्छ,' महामन्त्री थापाले भने। अहिले कांग्रेस संस्थापन र महामन्त्रीद्वय आफूलाई शक्तिशाली साबित गर्न दिलोज्यान दिएर लागेका छन्। दुई पक्षमा कुनै एउटा समूह अलिकति पनि चिप्लियो भने कांग्रेस फुटबाट जोगिन सक्ने अवस्था देखिन्न। अब कांग्रेसलाई एक र सुदृढ बनाउन संस्थापन पक्ष बढी जिम्मेवार बन्नुपर्ने अवस्था आएको छ। त्यो भएन भने पार्टीमा विग्रह आउने प्रस्ट सङ्केत भृकुटीमण्डपमा देखिएको मासले बताइसकेको छ।

कांग्रेसमा विद्यमान असहज वातावरणको अन्त्य र निकासका लागि सभापति देउवाले अग्रसरता देखाएमा पार्टी एक ढिक्का रहन सक्छ। त्यतिमात्र होइन सम्मानजनक बहिर्गमनको पथ पनि निर्माण हुन्छ। जुन विषय विशेष महाधिवेशनको उद्घाटन सत्रमा बोल्ने नेताहरूले पनि बताएका छन्। देउवासहितका पदाधिकारी हिजोका कांग्रेस भएको र गगन विश्व भोलिको कांग्रेस भएको सन्देश महाधिवेशनका प्रतिनिधिले दिएर कांग्रेसलाई गतिशील बनाउन सफल भएका छन।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : आर्थिक समस्या |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# गायक तामाङको निधन

**रासस**
काठमाडौं, २७ पुस

गायक एवं कलाकार प्रशान्त तामाङको ४२ वर्षको उमेरमा आइतबार हृदयाघातका कारण निधन भएको छ। उहाँको निधनसँगै दार्जिलिङवासीलगायत संसारभर रहेका नेपाली भाषी यतिबेला निशब्द छ।

सन् २००७ मा भारतीय टिभी रियालिटी शो इन्डियन आइडलको तेस्रो सिजनको ग्रान्ड फिनालेमा गायक तामाङले नेपाली भाषीबीच लोकप्रिय हुनुभएको थियो। साथै उहाँले गायन क्षेत्रमा मात्रै नभई नेपाली चलचित्रमा समेत आफ्नो अभियनले राम्रो छाप छोड्नु भएको थियो। उहाँको गायनसँगै अभिनयसमेत दर्शकले मन पराएका थिए। 'हिम्मत-२' बाट नेपाली चलचित्रमा पार्श्वगायकका रूपमा प्रवेश गरेका प्रशान्तले 'गोर्खा पल्टन' चलचित्रमा अभियन गरेर अझै लोकप्रियता कमाउनुभएको थियो। उहाँको अभियन यात्रा यसै चलचित्रबाट सुरु भएको थियो। अभिनेत्री केकी अधिकारीले सामाजिक सञ्जाल फेसबुकमार्फत गायक तामाङ काम गर्दाको क्षण अविस्मरणीय रहेको लेख्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्नुभएको छ। उहाँका अनुसार सन् २०१० देखि २०११ को समयमा तामाङको स्वरले सजिएको गीत 'मनसाइली' मा अभिनय गर्दा निकै अमूल्य पलहरू सँगालेको स्मरण गर्नुभयो। साथै, परदेशी-२ मा उहाँसँगै काम गर्दाका सम्झनाहरू, मुस्कान जीवन्त रहेको बताउनुभयो। अभिनेत्री दिपाश्री निरौलाले तामाङलाई भावपूर्वक सम्झँदै पुराना तस्बिर फेसबुकमा सार्वजनिक गर्नुभएको छ। गायन, अभिनय मात्रै नभई तामाङको मित्रवत् व्यवहारको उहाँले प्रशंसा गर्नुभएको छ। 'गोर्खा पल्टन', 'परदेशी', 'परदेशी-२' मा नारायण रायमाझीको निर्देशनमा तामाङले चलचित्र अभियन गर्नुभएको थियो।

# तीन सन्तान जन्माउने परिवारलाई आर्थिक सहायता

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २७ पुस

स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले तीन सन्तान जन्माउने परिवारलाई आर्थिक सहायता दिने भएको छ।

गाउँपालिकाले चालु आर्थिक वर्षमा जनसङ्ख्याको घट्दो दरलाई रोक्नका लागि तीन सन्तान जन्माउने परिवारलाई आर्थिक सहायता गर्ने भएको हो।

पछिल्लो समयमा जनसङ्ख्या घट्दै जाँदा दीर्घकालीन रुपमा जनसङ्ख्या सन्तुलनमा राख्न समस्या हुने भएकाले गाउँपालिकाले यस्तो कदम चालेको गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापाले जानकारी दिनुभयो। "गाउँपालिकाभित्र जनसङ्ख्या घट्दो क्रममा छ, घट्दै जाँदा कालान्तरमा गाउँमा मानिसको सङ्ख्या निक्कै कम हुन सक्छ", उहाँले भन्नुभयो, "जनसङ्ख्याको घट्दो दरलाई रोक्न, परिवारलाई सन्तानप्रतिको सकारात्मक प्रेरणा दिन तथा दीघकालीन जनसङ्ख्या सन्तुलनमा राख्न र पोषणमैत्री स्थानीय शासन कार्यान्वयनको उद्देश्यसहित अगाडि बढेका हौँ।" गाउँपालिकाले तीन सन्तान जन्माउने परिवारलाई आर्थिक सहायता प्रदान गर्ने कार्यविधि २०८२ स्वीकृत गरेर कार्यविधिमा तोकिएको मापदण्ड पूरा गर्ने परिवारलाई आर्थिक सहायता गर्ने तयारीमा जुटेको उहाँले बताउनुभयो। गाउँपालिकाले स्वीकृत गरेको कार्यविधिअनुसार गाउँपालिकाभित्र स्थायी बसोबास गर्दै आएका परिवारबाट चालु आर्थिक वर्षको साउनभन्दा पछाडि तेस्रो सन्तान जन्माएको परिवारले आवश्यक कागजातसहित सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुपर्नेछ।

पछिल्लो समय एक वा दुई सन्तानमात्रै जन्माउने र अर्कोतर्फ गाउँबाट सहरतर्फ बसाइँ सर्ने गरेका कारण पनि गाउँ रित्तिँदै जान थालेका छन्। "गाउँपालिकाले कार्यविधिअनुसार तीन सन्तान जन्माउने परिवारलाई प्रतिमहिना रु चार हजारका दरले आर्थिक सहायता गर्छ", उहाँले भन्नुभयो, "प्रतिपरिवार दुई वर्षसम्म पोषण तथा सन्तानप्रतिको सकारात्मक प्रेरणास्वरुप आर्थिक सहायता गर्ने भएको हो।" तीन सन्तान जन्माउने परिवारले कार्यविधिमा तोकिएमोजिमको ढाँचामा निवेदन, नागरिकताको प्रतिलिपि, तीनवटै सन्तानको जन्मदर्ताको प्रतिलिपि, विवाह दर्ताको प्रतिलिपि, बसाइँ सरी आएकाको हकमा बसाइँसराइको प्रतिलिपि आवश्यक पर्नेछ।

जन्मिएको सन्तान नेपाल सरकारको सूचीकृत स्वास्थ्य संस्थामा जन्मिएको हुनुपर्ने उल्लेख छ। त्यसले गर्दा सूचिकृत स्वास्थ्य संस्थामा सुरक्षित सुत्केरी गराउनेको सङ्ख्यामा पनि वृद्धि हुने उहाँले बताउनुभयो।

# प्रदिप खनालको नेतृत्वमा पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ

**पोखरापत्र संवाददाता**
पोखरा, २७ पुस




नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ, गण्डकी प्रदेशको सातौं वार्षिक साधारणसभा तथा चौथो अधिवेशनबाट नयाँ नेतृत्व चयन गरिएको छ।

पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यको प्रमुख आतिथ्यतामा दमौलीमा सम्पन्न अधिवेशनबाट प्रदिप खनालको नेतृत्वमा नयाँ समिति चयन गरिएको महासंघका केन्द्रिय सदस्य सूर्यमोहन आचार्यले जानकारी दिनुभयो। महासंघ गण्डकीको वरिष्ठ उपाध्यक्षमा ठाकुर प्रसाद शर्मा, उपाध्यक्षमा रामचन्द्र सापकोटा, सचिवमा सुरेन्द्र बास्तोला, कोषाध्यक्षमा भागवत् अर्याल, सह सचिवमा रमेश पौडेल निर्वाचित हुनुभएको छ। यस्तै सदस्यहरुमा नवराज पौडेल, शान्ति पाण्डे, सरस्वती आचार्य, सुस्मा श्रेष्ठ, रुपबहादुर के.सि, मिन बहादुर थापा, किशोर सापकोटा, प्रताप सिंह अधिकारी, टिकाराम अधिकारी, गोविन्द अधिकारी, सुरेन्द्र पौडेल, रामप्रसाद भट्टराई, दामोदर मिश्र, रामप्रसाद भुषाल र रमेश प्रसाद भुर्तेल निर्वाचित हुनुभएको छ। यसअघि उद्घाटन सत्रमा बोल्दै प्रमुख अतिथि पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले पुस्तक र स्टेशनरी व्यवसाय केवल व्यापार मात्र होइन, यो ज्ञान, शिक्षा र सभ्यताको आधारस्तम्भ भएको बताउनु भयो। शिक्षाको पहुँच विस्तार, विद्यार्थीको भविष्य निर्माण र राष्ट्रको बौद्धिक विकासमा यस क्षेत्रले खेलेको भूमिका अतुलनीय रहेको उहाँको भनाइ थियो। प्रविधि, डिजिटल माध्यम र बजार प्रतिस्पर्धाका चुनौतीबीच पनि व्यवसायीहरूले देखाएको धैर्य, नवप्रवर्तन र इमान्दारिताको म उच्च मूल्यांकन गर्दछु आचार्यले भन्नुभयो। म पनि यही व्यवसायमा जोडिएको र नेतृत्वमा पुगेको मान्छे हुँ। मलाई व्यवसायीका अफ्ठ्याराहरुको बारेमा थाहा छ। उहाँले भन्नुभयो, अब व्यवसायी पनि समयअनुकुल चल्नुपर्ने भइसकेको छ। महासंघले व्यवसायीको हक-हित संरक्षण, व्यावसायिक मर्यादा, प्रवर्द्धन र नीतिगत सहजीकरणका लागि गरेको प्रयास प्रशंसनीय रहेको बताउनु भयो। आगामी दिनमा पनि एकता, सहकार्य र सकारात्मक सोचका साथ अघि बढ्दै गण्डकी प्रदेशलाई ज्ञान-मैत्री र व्यवसाय-मैत्री बनाउने यात्रामा सबैको योगदान रहने विश्वास व्यक्त गर्नुभयो।

निर्वाचन समितिका संयोजक लिलाराज गौतमले कार्यसमितीका विजेता सबैलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो। शनिबार भएको कार्यक्रमको अध्यक्षता अध्यक्ष कृष्ण प्रसाद पोखेलले गर्नुभएको थियो।

# पोखरा महोत्सवको तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, २७ पुस



१४ औं संस्करणको पोखरा महोत्सवको तयारी पुरा भएको छ। आगामी पुषको २९ देखि माघको ११ सम्म पोखराको अमर सिंह खेल मैदानमा आयोजना हुने १४ औं संस्करणको पोखरा महोत्सवको सम्पूर्ण तयारी पुरा भएको महोत्सव आयोजक युनाईटेड क्लबले आइतबार पत्रकार सम्मेलन मार्फत जानकारी दिइयो।

स्थापना कालदेखिनै पोखरा महोत्सवको आयोजना गरि युनाईटेड क्लबले शिक्षा, स्वास्थ्य खेलकुद र पर्यटन प्रवर्द्धनको क्षेत्रमा काम गर्दै आइरहेको छ। १४ औं संस्करणको पोखरा महोत्सवबाट युनाईटेड क्लबको आफ्नै जग्गा रहेको पोखरा २७ अर्चलेमा गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई लक्षित गरी निशुल्क शिक्षा प्रदान गर्ने गरी आवाशिय छात्रावास नर्माणको लक्ष्य राखी उक्त योजनाको डिपिआर अनुरुप निर्माण कार्य अगाडी बढेको पत्रकार सम्मेलन मार्फत क्लबका महासचिव तथा महोत्सव प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए। उनका अनुसार उक्त जगामा २० कोठाको भवन निर्माण सम्पन्न गर्नुपर्नेमा यस वर्ष ३ कोठाको भवन निर्माण भई सकेको र १४औं पोखरा महोत्सवको आम्दानीबाट थप कोठा निर्माण गरी आगामी शैक्षिक शत्रदेखि कार्यविधि निर्माण गरी छात्राबास सञ्चालनमा ल्याइने छ। यो सँगै पोखरा महोत्सवको प्रवेश टिकटबाट प्रति टिकट एक रुपैँया सेती नदी संरक्षणका लागि छुट्याउने कार्यलाई निरन्तरता समेत दिइने भएको छ।

महोत्सवको उद्घाटन समारोहमा नेपालको लोकप्रिय अभिनेता बिपिन कार्की र बिजय बरालको उपस्थिति रहने छ। त्यसैगरी माघ ९ गते नेपालकै उत्कृष्ट एम एम ए कोच दिविज पिया लामाको उत्प्रेरणादयी प्रस्तुतीलाई दर्शकमाझ प्रस्तुत गरिने छ।

महोत्सवकै उद्घाटनको दिन पोखराका विश्व साईकल यात्री अजित बराल र नेपालकै विभिन्न ग्रामीण भेग र पर्यटकीय क्षेत्रहरुलाई सामाजिक सञ्जालको मार्फतबाट पर्यटनमा टेवा पुऱ्याउने पोखराकै मुना केसीलाई पनि सम्मान गरिने कार्यक्रम रहेको महोत्सव प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए।

# जागरण आमा समुहको अध्यक्षमा देबकोटा निर्वाचित

**पोखरापत्र संवाददाता**
पोखरा, २७ पुस

पोखरा १३ आर्वा स्थित, जागरण आमा समूहको अध्यक्षमा गीतादेवी देबकोटा निर्वाचित भएकी छन्।




समूहको २६ औं साधारण सभा तथा आठौं अधिवेशनले उपाध्यक्षमा नमुना बराल, सचीवमा सीता ढुङ्गाना सिग्देल, सहसचिवमा सारदा सिग्देल तथा कोषाध्यक्षमा सिर्जना बराललाई सर्वसम्मत निर्वाचित गरेको छ। तेसैगरी कार्यसमिति सदस्यहरूमा शर्मिला सिग्देल, सिता बराल(क),सिता बराल(ख) लक्ष्मी पौडेल बराल, थिरमाया देबकोटा र बिष्णुमाया परियार चुनिएका छन्। सावित्री सिग्देल संयोजक तथा राधा आचार्य सिग्देल र सुमित्रा बराल सदस्य रहेको निर्वाचन समितिले निर्वाचन प्रकृया पुरा गरेको थियो। अधिवेशनको उद्घाटन जागरण आमा समुहकी संस्थापक सदस्य बिष्णुमाया बरालले गरेकी थिइन्। सो अवसरमा जेष्ठ नागरिक कल्याणकारी संस्था आर्वाका संस्थापक कोषाध्यक्ष कृष्णप्रसाद सिग्देल, श्री मोहरपानी आदर्श टोल विकास संस्थाका अध्यक्ष श्रीराम सिग्देल, समूहकी सल्लाहकार साबित्री सिग्देल, सुमित्रा बराल, आदर्श अर्गानिक कृषक समूहका अध्यक्ष शिवप्रसाद बराल लगायतका वक्ताहरुले आमा समुहको काम कर्तव्य तथा अधिकारका विविध पक्षहरु बारे आ-आफ्ना धारणा राखेका थिए।

जागरण आमा समूहकी अध्यक्ष लक्ष्मी देबकोटाको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष गीतादेवी देबकोटा ले स्वागत तथा सचिव नमुना बरालले कार्यक्रम सञ्चालन गरेकी थिइन्। सभामा अध्यक्ष लक्ष्मी देबकोटाले पेश गरेको वार्षिक प्रतिवेदन, सचीब नमुना बरालको प्रगती प्रतिवेदन तथा कोषाध्यक्ष सिर्जना बरालले पेश गरेको आर्थिक प्रतिवेदन सर्वसम्मतले पारित गरिएको थियो। कार्यक्रममा समुहमा लामो समय रहेर योगदान पुर्‍याएको भन्दै संस्थापक सदस्य टिकामाया बराल र नारायणी बराललाई दोसल्ला फुलमालाले ओढाई सम्मान गरिएको थियो।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २७ जटेश्वर मन्दिर मन्दिर भित्रको ढलान निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः जटेश्वर मन्दिर मन्दिर भित्रको ढलान
ठेगानाः पोखरा-२७
योजना सम्झौता मितिः २०८२/०९/११ गते
योजना शुरु मिति : २०८२/०९/११ गते
योजना सम्पन्न हुने मितिः २०८२/१०/१५ गते
योजना सम्पन्न भएको मितिः २०८२/०९/२० गते
योजनाको कुल लागतः रु. ५,५५,५५५.५६
महानगरपालिकाबाटः रु. ५,००,०००/-
जनसहभागिताबाटः रु. ५५,५५५.५६
उपभोक्ताबाट भएको कुल खर्चः ५,५६,६७५.८२
उपभोक्ता समिति अध्यक्षः जय बहादुर वाग्ले
सम्पर्क नं.: ९८४६११३५३६
उपभोक्ता समिति सदस्यः ५ जना महिलाः ३ पुरुषः २ जना

**जटेश्वर मन्दिर मन्दिर भित्रको ढलान उपभोक्ता समिति पोखरा-२७**

# "मेरा साना दुःखले आर्ज्याको मुलुक होइन, सबै जातको फुलवारी हो, सबैलाई चेतना भया"

संगिता गौतम तिमिल्सिना



सन्दर्भः पृथ्वी जयन्ती !

पुस २७ गते राष्ट्रिय विभूति पृथ्वीनारायण शाहको जन्म जयन्ती ! जुन राष्ट्रिय एकता दिवसको रूपमा, नेपालको एकीकरण र उनको योगदानको स्मरण स्वरुप मनाइन्छ ! उनको जन्म वि.सं. १७७९ पुस २७ गते राजा नरभूपाल शाहकी माहिली महारानी कौशल्यावतीको गर्भबाट गोर्खा राज्यमा भएको थियो । उनले बाइसे चौबिसे राज्यहरूलाई एकत्रित गरेर नेपालको एकीकरण गरेका थिए । उनको एकीकरण अभियानले नेपाललाई एक सानो र टुक्रे राज्यबाट काठमाडौँ उपत्यका लगायत लिम्बुवान, किराँत र अन्य क्षेत्रहरूलाई गाभेर ठूलो र शक्तिशाली राष्ट्रमा परिणत गरिदियो ।

उनको दिव्योपदेशमा स्रोत साधनको सदुपयोग, न्याय निसाफ र धर्म कर्मले बढि महत्व राखेको पाईन्छ । उनले विदेशी प्रभावलाई कम गर्ने र स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने नीति अपनाएका थिए । उनको उपार्जन नीतिमा सम्मो वा समथर भूमिमा खेतिपाती गरि अन्न उब्जाउने र डाँडा-पाखामा घर बस्ती बसाउने, सबै भूमिको उचित प्रयोग र सहि व्यबस्थापन थियो, त्यहि दूरदर्शिताले त्यस पछाडिका राजाहरु वा शासकहरु गैदिएको भए, आज कला, संस्कृति, धार्मिक र ऐतिहासिक विरासतले भरिपूर्ण हाम्रो देश नेपाल सुन्दर मणी हुने थियो होला ! इतिहासलाई फर्केर हेरौ त हामी कहाँ छौ, हाम्रो अस्थित्व कहाँ छ ? पृथ्वी नारायणशाहका निर्यातका नीति उनका पाला पछाडि कता गए ? नेपालमा शाही शासन लगभग २४० वर्ष चल्यो । पृथ्वीनारायण शाहले वि.सं. १८२५ मा गोरखा राज्यको राजगद्दी सम्हालेपछि शाही शासन सुरु भयो । उनका वंशजहरूले वि.सं. २०६५ सम्म नेपालमा शासन गरे ।

शाही शासनको इतिहास अवधि यस प्रकार छः

- पृथ्वीनारायण शाह (वि.सं. १८२५-१८३१) - प्रतापसिंह शाह (वि.सं. १८३१-१८३४) - रणबहादुर शाह (वि.सं. १८३४-१८६३) - गीर्वाणयुद्ध विक्रम शाह (वि.सं. १८६३-१८७३) - राजेन्द्र विक्रम शाह (वि.सं. १८७३-१९०४) - सुरेन्द्र विक्रम शाह (वि.सं. १९०४-१९३८) - पृथ्वी विर विक्रम शाह (वि.सं. १९३८-१९६८) - त्रिभुवन विर विक्रम शाह (वि.सं. १९६८-२०११) - महेन्द्र विर विक्रम शाह (वि.सं. २०११-२०२८) - बीरेंद्र विर विक्रम शाह (वि.सं. २०२८-२०५८) - ज्ञानेन्द्र विर विक्रम शाह (वि.सं. २०५८-२०६५) वि.सं. २०६५ मा नेपालमा गणतन्त्रको घोषणा भएपछि शाही शासन समाप्त भयो । बिचमा राणा शासनः नेपालको इतिहासमा एक शकस पूर्ण अवधि बन्यो, जुन लगभग १०४ वर्ष (वि.सं. १९०३-२००७) चल्यो । जंग बहादुर राणाले वि.सं. १९०३ मा शासन सत्ता हात पारेपछि राणा शासन सुरु भयो । राणा शासनको अवधि यस प्रकार छः -जंग बहादुर राणा (वि.सं. १९०३-१९३३) - रणोद्दीप सिंह राणा (वि.सं. १९३३-१९४२) - बीर शमशेर जंग बहादुर राणा (वि.सं. १९४२-१९५८) - देव शमशेर जंग बहादुर राणा (वि.सं. १९५८-१९५९) - चन्द्र शमशेर जंग बहादुर राणा (वि.सं. १९५९-१९८६) - भीम शमशेर जंग बहादुर राणा (वि.सं. १९८६-१९९१) - जुद्ध शमशेर जंग बहादुर राणा (वि.सं. १९९१-२००७) - पद्म शमशेर जंग बहादुर राणा (वि.सं. २००७-२००८) - मोहन शमशेर जंग बहादुर राणा (वि.सं. २००८-२००७) वि.सं. २००७ मा नेपालमा राणा शासन समाप्त भयो र त्रिभुवन वीर विक्रम शाहले शासन सत्ता हात पारे। नेपालमा प्रजातन्त्र आएको ७५ वर्ष भइसकेको छ । वि.सं. २००७ साल फागुन ७ गते नेपालमा १ सय ४ वर्षसम्म रहेको जहानीया राणा शासनको अन्त्य सँगै पहिलोपटक प्रजातन्त्र स्थापना भयो ।

त्यसपछि नेपालमा लोकतन्त्र हुँदै संघीय गणतन्त्र स्थापना भएको छ तर उपलब्धि के भन्दा मैले धेरै नलेखौ वर्तमान परिवेश बोल्छ । मृगले आफ्नै नाभिको कस्तुरीको सुगन्ध पत्ता लगाउन नसके जस्तै, संघीय गणतन्त्रमा शासन सत्ता संचालन गर्नेहरुले आफ्नो महत्व र भूमिका नबुझ्नाले, न्यायपालिका, व्यवस्थापिका, कार्यपालिका आफ्नै मुठ्ठिमा राखेर पार्टीगत भाग बण्डामा न्याय मूर्तिहरु नियुक्ति गर्नाले, नेतृत्व वर्गको धम्की पूर्ण भाषाले १०४ बर्षे राणा शासन भन्दा कम महशूस भएको छैन, ...विपरित ध्रुर्वको अप्राकृतिक तथा महत्वाकांक्षी गठबन्धन, परिणामत ...नयाँ शक्ति लगायत जेन्जिको असन्तोषले भाद्र २३ जन्म्यो, २३ को असन्तोषले २४ जन्मायो र परिणाम स्वरुप २०८२ फाल्गुन २१ मध्यावधिमा देश जबर्जस्ती होमिनु पर्यो ।

मेरो व्यक्तिगत धारणामा 'राजा' शब्द आफैमा दोषी हैन, सन्दर्भ के त भने 'उनीहरुको कार्यकालमा देश र जनता प्रति समर्पित भएर कुनले कति र कसरी काम गरे' भन्ने विषयको सवाल रहन्छ, आधुनिक नेपालका राष्ट्रनिर्माता पृथ्वीनारायण शाह, उनको ध्यय जे सुकै रहेछ भने पनि उनले अधिकांश काम देश र जनता कै भलोको निम्ति गरेको हामीले इतिहास पढ्दै आयौ, उनको शाहसले नै आज हामी 'वीर नेपाली, स्वाभिमानी नेपाली'को उपमाले चिनिन पाएका छौ, तसर्थ उनलाई राजा भनेर मात्र नचिनौ, राष्ट्रिय विभूतिका स्वरुप सम्मान गरौ ! सबै राष्ट्रप्रेमी मित्रहरु मा देश प्रेमको भाव जगोस्, 'म' प्रेम हैन,'हामी'प्रेम बनऊ ! अन्तमा, आज आइतवार, पौष २७ गते, २०८२ साल, ३०४ औं पृथ्वी जयन्तीको शुभकामना !

# कोन सहकारीको रक्तदानमा ५९ युनिट रगत संकलन

पोखरापत्र संवाददाता
पोखरा, २७ पुस




पोखरा महानगरपालिका वडा नं. १३ भद्रकाली चोकस्थित कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडले शनिबार खुला रक्तदान कार्यक्रम आयोजना गरेको छ।

सामाजिक उत्तरदायित्व अन्तर्गत सहकारीको २७औँ वार्षिकोत्सवको अवसर पारेर गरिएको उक्त कार्यक्रममा ५९ युनिट रगत संकलन भएको छ । कार्यक्रमका प्रमुख अतिथि संस्थाका निवर्तमान अध्यक्ष तीर्थबहादुर बस्नेतले पहिलो रक्तदाता संस्थाका साधारण सदस्य राजु भट्टलाई ब्लड ब्याग हस्तान्तरण गर्दै कार्यक्रमको शुभारम्भ गरिएको थियो । सो अवसरमा बोल्दै निवर्तमान अध्यक्ष बस्नेतले स्वस्थ जीवनका लागि नियमित स्वास्थ्य परीक्षण, सन्तुलित आहार र आवश्यक पर्दा स्वेच्छिक रक्तदान अत्यन्तै उपयोगी हुने बताए । कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष माधवप्रसाद सिग्देलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा आकस्मिक रक्तदान युनिट पोखराका व्यवस्थापक हरिशचन्द्र शर्मा, नेपाल रेडक्रस सोसाइटी प्रादेशिक रक्तसञ्चार सेवा पोखराका प्रमुख अर्जुन ज्ञावली लगायतले रक्तदानको महत्वबारे धारणा राखेका थिए।

कार्यक्रममा कोन सहकारी सञ्चालक समितिका उपाध्यक्ष शान्तकुमार श्रेष्ठले स्वागत मन्तव्य राखेका थिए भने सदस्य शारदा सिग्देल पराजुलीले सहकारीका सात सिद्धान्त वाचन गरिन । कार्यक्रमको सञ्चालन सञ्चालक समिति सदस्य तथा शिक्षा उप-समितिका संयोजक खड्गबहादुर गुरुङ (खुशीमान)ले गरेका थिए।

# फुलवारी मन्टेसरीले मनायो २६औं वार्षिकोत्सव र ११औं स्पोर्टस् डे

पोखरापत्र संवाददाता
पोखरा, २७ पुस



पोखरा ३ नदीपुरमा अवस्थित पोखराको अग्रणी मन्टेसरी फूलवारी मन्टेसरी कटेजले आइतबार आफ्नो २६औं वार्षिकोत्सव तथा ११औं स्पोर्टस् डे भव्यतासाथ सम्पन्न गरेको छ।

कार्यक्रम प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं ३ का निवर्तमान अध्यक्ष रविन्द्र बहादुर प्रजु, प्रिन्सिपल अरुणा शेरचन, विद्यालय प्रमुख निर्देशक जिवन कुमार शेरचन लगायतले बेलुन उडाएर उद्घाटन गरिएको थियो । सो अवसरमा राष्ट्र निर्माता पृथ्वी नारायण शाहको फोटोमा माल्यार्पण गरिएको थियो। कार्यक्रममा बोल्दै प्रमुख अतिथि प्रजुले फुलवारी मन्टेसरी कटेजको २६औँ वार्षिक उत्सव तथा ११औँ स्पोट्र्स डे जस्तो महत्वपूर्ण अवसरमा उपस्थित हुन पाउँदा अत्यन्तै खुशी लागेको बताउनु भयो । मन्टेसरी शिक्षा बालबालिकाको सिर्जनशीलता, आत्मविश्वास र व्यवहारिक सीप विकास गर्ने सशक्त आधार हो, र फुलवारी मन्टेसरीले यो यात्रामा प्रशंसनीय योगदान दिएको छ उहाँले भन्नुभयो। स्पोट्र्स डे ले नानीहरूलाई अनुशासन, सहकार्य र स्वस्थ प्रतिस्पर्धाको भावना सिकाउने विश्वास लिएको छु। सहभागिता, प्रयास र सिकाइ नै सबैभन्दा ठूलो उपलब्धि हो। कार्यक्रमका लागि व्यवस्थापन टिम, शिक्षक-शिक्षिका तथा अभिभावकज्यूहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । नानीहरूको उज्ज्वल भविष्यको कामना गर्दै, सबैलाई सफल र प्रेरणादायी उत्सवको शुभकामना व्यक्त गर्दछु प्रजुले भन्नभयो।

विगत २५ वर्षदेखि प्रेम, आत्मविश्वास र अनुशासनमा आधारित शिक्षामा जोड दिँदै आएको जानकारी गराउदै उहाँले कार्यक्रममा सहभागी बालबालिकाहरूलाई सबै विजेता भएको भन्दै प्रयास र सहभागिताको लागि प्रशंसा गर्नुभयो । उहाँले विद्यालयले आगामी शैक्षिक सत्रदेखि काठमाडौंस्थित एबिथ ल्भउर्बा सँग सहकार्य गरी खेलकुद गतिविधिलाई अझ व्यवस्थित बनाउने घोषणा पनि गर्नुभयो । कार्यक्रम सफल बनाउन सहयोग पुऱ्याउने शिक्षक, अभिभावक, व्यवस्थापन समिति, स्वयंसेवक तथा सहयोगी विद्यालयप्रति धन्यवाद व्यक्त गर्नुभयो।यसअघि कार्यक्रममा सहभागिलाई कक्षान ३ का विद्यार्थी नोभा गुरुङ र आरोन अचार्यले स्वागत गरेका थिए। सो अवसरमा टोडलरदेखि ३ कक्षासम्मका विद्यार्थीले मार्चपास, स्वागत नृत्य प्रस्तुत गरेका थिए। उनीहरुले समूहगत रुपमा विभिन्न खेल, कलाकौशसल देखाए भने अभिभावकसंगै खेल पनि खेलेका थिए । कार्यक्रममा पोखरा महानगरपालिकाका शिक्षा अधिकृत जिवन प्रसाद शर्मा, लेक्चर नम्रता थापा पैडेल, डा जमुना गुरुङ, लगायतको विशेष उपस्थिति रहेको थियो।

कार्यक्रमको संचालन शिक्षक सुनीता सापकोटाले गर्नुभएको थियो भने विद्यालयका प्रमुख, निर्देशक ई.जिवन कुमार शेरचनको अध्क्षतामा भएको थियो । समापन ' जहाँ सुनका बाला झुल्छन्...त्यहि हो मेरो देश' बोलको राष्ट्रिय गीतसंगै गरिएको थियो।

# सक्षम वचत तथा ऋण शहकारीको १७ औं साधारणसभा

पोखरापत्र संवाददाता
पोखरा, २७ पुस




सक्षम वचत तथा ऋण शहकारी सस्थाको १७ औं वार्षिक साधारणसभा आईतवार विविध कार्यक्रम गरि सम्पन्न भएको छ।

साधारणसभाको उद्घाटन गर्दै संस्थाका संस्थापक अध्यक्ष एवं प्रमुख अतिथि तारावहादुर घिमिरेले पछिल्लो समयमा विभिन्न शहकारीमा देखिदै आएका विविध जटिलतालाई संचालक समिति , शहकारि सदस्य र नियमनकारी निकाय सवैको सक्रिय सहभागीताले मात्र शहकारीका जटिलता लाई चिर्दै संस्थालाई अगाडि वढाउन सकिने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रमको अध्यक्षता गर्नुभएका सस्थाका अध्यक्ष अर्जुन नागिलाले सस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै सहकारीको कुल चुक्ता पुँजी २ करोड १७ लाख १८ हजार नौ सय रुपया र निक्षेप तर्फ यस वर्ष ५ करोड २९ लाख ६० हजार ६५२ रुपया रहेको वताउनुभयो । सस्थालाई थप व्यवस्थीत गर्न सिस्टम प्रणालीवाट मात्रै कारोवार गर्दै आएको वताउदै अध्यक्ष नागिलाले चालु आर्थीक वर्षमा मात्र ५ करोड ४१ लाख ६६ हजार ६२३ रुपया ऋण लगानी गरेको जानकारी दिनुभयो । संस्थाका कानुनी सल्लाहकार शुकदेव गौतमले केही शहकारी संस्थाले गलत काम गर्दा सवै शहकारी खराव हुन भन्ने भाष्य निर्माण गर्न खोजीएको भन्दै शहकारीहरुको खस्कदो अवस्था प्रति चिन्ता व्यक्त गर्नुभयो । शहकारी जेष्ठ सदस्य सम्मानवाट सम्मानित व्यक्तित्व कृष्णप्रसाद पराजुलीले सवै सदस्हरुलाइ आफ्नै शहकारीवाट आर्थिक कारोवार गर्न आग्रह गर्नुभयो । सस्थाका नि वर्तमान अध्यक्ष विश्वामित्र सुवेदीले व्यवसायीक वातावरणको अभावमा ऋण लिएका व्यवसायीहरुनै विदेश पलायन हुँदा शहकारीमा समस्या आउने गरेको वताउनुभयो ।

सो अवसरमा संस्थाका साधारण सदस्य कृष्णप्रसाद पराजुली लाई जेष्ठ शहकारी सदस्य सम्मान , लाल वहादुर मगरलाई असल ऋणी तथा कारोवारी सम्मान, जुक्ति प्रसाद अर्याललाई असल वचतकर्ता वाट सम्मान गरिएको थियो । सस्थाले यष वर्ष शेयर सदस्यका छोराछोरी मध्यवाट कक्षा १२ मा उत्कृष्ट अंक प्राप्त गर्ने स्मृती तिवारी, एलिना नागिला, आदित्य सापकोटा, स्वस्तीका अधिकारी, प्रतिक यादव, कुवीजा भट्टराई, विराज सापकोटा, सुयोग गौतम, प्रिष्का कँडेल, आयुष ढुंगाना गरी ११ जना विद्यार्थीलाई सक्षम शहकारी शैक्षिक पुरस्कारवाट सम्मान गरिएको थियो ।

सक्षम शहकारमा अहिले दुई सय पचास जना शेयर सदस्य रहेका छन् । सस्थाका कोषाध्यक्ष चित्रवहादुर श्रेष्ठले तयार पार्नु भएको कोषाध्यक्षको प्रतिवेदन, लेखा सुपरिवेक्षण समितिका संयोजक रामजी थापाले प्रस्तुत गर्नु भएको लेखा समितिको प्रतिवेदन र अध्यक्षको प्रतिवेदन माथी वन्दसत्रमा शेयर सदस्यहरुले राखेको जिज्ञासालाई अध्यक्ष नागिलाले प्रस्ट पार्नु भएको थियो । तत्पश्चात सवै प्रतिवेदनहरु सर्वसम्मत रुपमा पारित भएका थिए । संस्थाका सचिव केशव गिरीले संचालन गर्नुभएको उक्त कार्यक्रममा शेयर सदस्यका तर्फवाट शशीधर पराजुली लगाएतले शुभकामना ब्यक्त गर्नुभएको थियो भने उपाध्यक्ष विष्णुदेवी पराजुलीले स्वागत गर्नुभएको कार्यसमिति सदस्य भरत नागिलाले जानकारी दिनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २७ पुरन कुना पाखाको भिरालो बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः पुरन कुना पाखाको भिरालो बाटो
ठेगानाः पोखरा-२७
योजना सम्झौता मितिः २०८२/०८/१२ गते
योजना शुरु मिति : २०८२/०८/१२ गते
योजना सम्पन्न हुने मितिः २०८२/१०/२४ गते
योजना सम्पन्न भएको मितिः २०८२/०९/१५ गते
योजनाको कुल लागतः रु. ४,४५,०००।-
महानगरपालिकाबाटः रु. ४,००,०००।-
जनसहभागिताबाटः रु. ४५,०००।-
उपभोक्ता समितिबाट भएको कुल खर्चः ४,४७,६३२.२५
उपभोक्ता समिति अध्यक्षः डम्बर बहादुर आचार्य
सम्पर्क नं.: ९८६७०६१९८२
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**पुरन कुना पाखाको भिरालो बाटो**
**उपभोक्ता समिति पोखरा-२७**


# नेरेसो पोखरा-२६ उपशाखाको ३२ औँ साधारणसभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २७ पुस

नेपाल रेडक्रस सोसाइटी (नेरेसो) पोखरा महानगरपालिका वडा नं. २६ उपशाखाको ३२ औँ वार्षिक साधारणसभा आइतबार पोखरामा सम्पन्न भएको छ।

साधारणसभाको उद्घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथि तथा पोखरा महानगरपालिका वडा नं.२६ का वडाध्यक्ष नरेन्द्र थापा 'नरेन'ले समुदायस्तरमा नेपाल रेडक्रस सोसाइटीको भूमिका अत्यन्तै महत्वपूर्ण रहेको बताउनुभयो । उहाँले रेडक्रसले प्राथमिक उपचार, विपद् तथा प्रकोपको समयमा राहतउद्धार कार्य, साथै विपन्न तथा असहाय परिवारहरूकोअवस्थालाईमध्यनजर गर्दै मानवीय क्षति न्यूनीकरणमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको उल्लेख गर्नुभयो । सोही अवसरमा उपशाखाका सभापति अम्बिका मोहन भट्टराईले आफ्नो कार्यकालको प्रगति प्रतिवेदन प्रस्तुत गर्दै उपशाखा अन्तर्गत रहेका अति विपन्न परिवार तथा उपचार खर्च अभावका कारण उपचार गर्न नसक्ने बिरामी व्यक्तिहरूलाई आवश्यक पर्दा आफ्नै व्यक्तिगत खर्चबाट समेत सहयोग गर्ने घोषणा गर्नुभयो भने कार्यक्रममा कोषाध्यक्ष बुद्धराज बस्यालले आर्थिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

साधारणसभाको अवसरमा प्रत्येक वर्ष प्रदान गरिँदै आएको श्री डण्डपाणी तिवारी स्मृति अक्षकोष तथा सवित्रि मोहन शर्मा स्मृति अक्षयकोषबाट जेहेन्दार छात्रवृत्ति अन्तर्गत भवानी कालिका माध्यमिक विद्यालय कक्षा ८ मा अध्ययनरत छात्रा रश्मि आचार्य तथा अमर ज्योति गाउँ फर्क माध्यमिक विद्यालय कक्षा ५ मा अध्ययनरत छात्रा रेनुका ढुङ्गानालाई सम्मान गरिएको थियो । साथै समुदाय अन्तर्गत सूर्यदेवी बराललाई समेत विशेष सम्मान प्रदान गरिएको थियो।

नेपाल रेडक्रस सोसाइटी पोखरा-२६ उपशाखाका सभापति भट्टराईको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका सदस्य तथा प्रतिनिधि शुभास अधिकारी, पूर्वसभापतिहरू नारायणप्रसाद बराल, मुरारी शर्मा, चन्द्रबहादुर रानाभाट, पूर्वसचिव मनोहरी ढुङ्गाना, सामाजिक व्यक्तित्व शिवबहादुर रानाभाट तथा अक्षयकोषदाता झलकपाणी तिवारी लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो।

उपशाखाकी उपसभापति प्रमिला बरालले स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको सो कार्यक्रमको सञ्चालन सचिव महादेव ढुङ्गानाले गर्नुभएको थियो।